नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ८४ २०७९ साल कात्तिक १० गते बिहीबार (27 Oct 2022 Thursday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अमेरिकी निर्वाचनमा दुई... ३ पृष्ठमा : स्वदेशी बिजुलीले नै उज्यालो ... ३ पृष्ठमा 'अफ्रिकामा शरणार्थीहरूको...

## अग्निपीडित परिवारलाई गाउँपालिकाबाट राहत प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं ५ बनरझुलाका अग्निपीडित परिवारलाई राहत वितरण गरिएको छ ।

अग्निपीडित परिवार स्थानिय योगि मुखियालाई गाउँपालिकाबाट बुधबार राहत सामग्री वितरण गरिएको हो ।

गाउँपालिकाबाट त्रिपाल, भुजा, च्यूरा, नुन, भुजिया, बाल्टिन, मग, साडी, धोती, लुंगी, कम्बल, झुल, बेडसिट लगायतका सामाग्री वितरण गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिएका छन् ।

सो अवसरमा गाउँपालिकाका अध्यक्ष अरुण कुमार मंडल, वडा अध्यक्ष ललन राउत, गाउँपालिकाको सामाजिक विकास शाखाका किशोर कुमार झा लगायतको सहभागिता रहेको थियो ।

मुखियाको घरमा कात्तिक ८ गते भएको आगलागीमा घर जलेर नष्ट भएको थियो ।

## मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु, एक घाइते

**दैनिक समाचारदाता**
**उदयपुर, ९ कात्तिक ।**

उदयपुर जिल्लाको दुईवटा स्थानमा छुट्टाछुट्टै मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यलय उदयपुरका अनुसार मंगलबार राती नगरपालिका १ स्थित श्रवनचोकमा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक सोही स्थान बस्ने ३७ वर्षीय धनबहादुर तामाङको मृत्यु भएको छ ।

बेलकाबाट सप्तरीतर्फ जाँदै गरेको प्रदेश१-०२-०४६प ४५३५ नंको मोटरसाइएकलमा सवार तामाङ तीव्रगतिमा मोटरसाइकल चलाएका कारण अनियन्त्रित भई दुर्घटना हुँदा उपचारका लागि तत्काल सप्तरी कञ्चनपुरस्थित स्वास्थ्यचौकीमा लगेर उपचार गर्ने क्रममा राति नै तामाङको मृत्यु भएको जिल्ला प्रहरीले जनाएको छ ।

यस्तै मंगलबार साँझै जिल्लाको कटारी नगरपालिका ११ बेतिनी बजारबाट गहुँबारीतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा चालक सोही स्थान बस्ने २४ वर्षीय यम्बरबहादुर श्रेष्ठको घटनास्थलमै मृत्यु भएको छ । मोटरसाइकल पछाडि बस्ने २१ वर्षीया इन्दिरा कार्की घाइते भएको प्रहरीले बताएको छ ।

लु८८प १८५६ नंको अनटेस्ट मोटरसाइकल चलाएर बेतिनीबाट गहुँबारी जाँदै गरेका श्रेष्ठ मंगलबार राति ८ बजे गहुँबारीमा मोटरसाइकलमा दुर्घटनामा पर्दा श्रेष्ठको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यलय उदयपुरले बताएको छ ।

## चारवटा मतपत्रमा गर्नुपर्छ मतदान

काठमाडौं, ९ कात्तिक (रासस) ।

आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मतदाताले छुट्टाछुट्टै रूपमा चारवटा मतपत्रमा रहेका आफूले इच्छाएको निर्वाचन चिह्नमा मतदान गर्नुपर्ने व्यवस्था गरिएको छ । निर्वाचनमा मतपत्र सानो आकारको रहेको र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्रमा उम्मेदवारी दिएकाको मात्रै निर्वाचन चिह्नको व्यवस्था गरिएको छ ।

निर्वाचन आयोगले प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा रातो रङको निर्वाचन चिह्न भएको मतपत्र र प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा कालोरङको निर्वाचन चिह्न भएको मतपत्रको व्यवस्था गरेको छ ।

यस्तै प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा रातो रङको निर्वाचन चिह्न र प्रदेशसभाकै समानुपातिक निर्वाचन प्रणालीका लागि सेतो पृष्ठभूमिमा कालो रङको निर्वाचन चिह्न भएको मतपत्रको व्यवस्था गरिएको छ । आफ्नो परिचयपत्रसहित मतदान केन्द्रमा पुग्ने मतदातालाई सुरुमा प्रतिनिधिसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपत्र उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यो मतपत्रमा आफूलाई मनपर्ने उम्मेदवारको निर्वाचन चिह्नमा मतदाताले मत सङ्केत गरिसकेपछि त्यसलाई पटचाएर नजिकैको '१' लेखिएको मतपेटिकामा मतपत्र खसाल्नुपर्नेछ । यो मतपत्र खसालिसकेपछि दोस्रो चरणमा निजले पाउने प्रतिनिधिसभाकै समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रमा इच्छाएको राजनीतिक दलको निर्वाचन चिह्नमा मतदान गरिसकेपछि पटचाएर '२' लेखिएको मतपेटिकामा मतपत्र खसाल्नुपर्छ । तेस्रो चरणमा प्रदेशसभाको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यो मतपत्रमा इच्छाएको उम्मेदवारको निर्वाचन चिह्नमा मतदान गरिसकेपछि पटचाएर '३' लेखिएको नजिकैको मतपेटिकमा मतपत्र खसाल्नुपर्छ । चौथो तथा अन्तिम चरणमा प्रदेशसभाको समानुपातिकतर्फको मतपत्र मतदातालाई उपलब्ध गराउने व्यवस्था गरिएको छ । यो मतपत्रमा मतदाताले आफूले इच्छाएको राजनीतिक दलको निर्वाचन चिह्नमा मत सङ्केत गरिसकेपछि त्यसलाई पटचाएर '४' लेखिएको नजिकैको मतपेटिकामा मत खसाल्नुपर्नेछ ।

हरेक मतदान केन्द्रमा व्यवस्था गरिने गोप्य कक्षमा राखिएको स्वस्तिक छापले मतदाताले मतपत्रमा मत सङ्केत गर्नुपर्ने व्यवस्था छ । मतदाताले मतदान केन्द्रमा आ-आफ्नो परिचयपत्र साथमा लिएर जानुपर्ने व्यवस्था आयोगले गरेको छ । महिलाले तोकिएको महिलाको लाइनमा र पुरुषले तोकिएको पुरुषको लाइनमा लामबद्ध भई मतदान गर्न पाउने गरी मतदान केन्द्रको व्यवस्थापन गर्न लागिएको छ ।

गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी, आफ्नो काखे बालबालिका साथमा भएकी महिला, अपाङ्गगता भएका व्यक्ति तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई लाइनमा नबसी प्राथमिकताका आधारमा मतदान गर्न पाइने व्यवस्था गरिएको छ । दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरू कुनै कारणले आफैँ मत सङ्केत गर्न नसक्ने भएको मतदाताको हकमा निजको एकाघर परिवारको सदस्यलाई आफूसँगै मत सङ्केत गर्ने गोप्य कक्षमा मतदान अधिकृतको अनुमतिमा लैजान सकिने र सो नभएमा मतदान अधिकृतको सहयोग लिन सकिने व्यवस्था छ ।

## सञ्चारमाध्यममा विज्ञापन गर्ने निश्चित मापदण्ड निर्धारण

काठमाडौं, ९ कात्तिक (रासस) ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ सङ्गठनले प्रचारप्रसारका क्रममा सञ्चारमाध्यममा विज्ञापन गर्ने निश्चित मापदण्ड निर्धारण गरेको छ ।

आयोगले जारी गरेको निर्वाचन आचारसंहिता, २०७९ को दफा १५ मा सञ्चारमाध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरणअन्तर्गत दलले निजी क्षेत्रको टेलिभिजन, रेडियो वा एफएम रेडियोको माध्यमबाट प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबिस घण्टामा बढीमा चार पटकसम्म प्रसारण गर्न सक्नेछन् । दलहरूले एक पटकमा बढीमा एक मिनेटसम्म मात्रै प्रसारण गराउन पाउने भएका छन् ।

आयोगका अनुसार दलले निजी क्षेत्रको पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा सात/सात इन्चसम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्नेछन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले कम्तीमा एक घण्टाको अन्तरालमा चौबिस घण्टामा बढीमा तीन पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्नेछन् ।

यसैगरी, प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारले चौबिस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सकिने आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । आचारसंहितामा विदेशी सञ्चारमाध्यमबाट निर्वाचनसम्बन्धी प्रचार सामग्री प्रकाशन तथा प्रसारण गर्न वा गराउन नहुने व्यवस्था आयोगले गरेको छ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# अमेरिकी निर्वाचनमा दुई नेपाली उम्मेदवार

**मधुकर अधिकारी**

वाशिङ्टन डिसी, ९ कात्तिक (रासस)।

अमेरिकामा आप्रवासनको जीवन बिताउन निकै चुनौतीपूर्ण छ । त्यसमाथि वैधानिक तबरले ग्रीन कार्ड हुँदै नागरिक बन्न अनेक प्रक्रिया पूरा गर्नुपर्छ । यसरी अमेरिकाको नागरिक भइसकेपछि पनि यहाँको परिवेशलाई पच्छयाउँदै राजनीतिमा सक्रिय हुन र उमेदवार बनेर निर्वाचनमा निर्वाचित हुन पहिलो पिँढीका आप्रवासीका लागि सङ्घर्षका अनेक कथा जोडिएका हुन्छन् । कडा परिश्रमको उपमा पाएका नेपाली अमेरिकीको हकमा भने पहिलो पिँढीका दर्जनभन्दा बढी अमेरिकाको विभिन्न एकाइको निर्वाचनमा होमिएका छन् । यस पटकको निर्वाचनको मिति आगामी नोभेम्बर ८ आउन अब केबल दुई साताभन्दा कम मात्र बाँकी रहेको छ । उक्त निर्वाचनमा नेपाली मूलका दुई जना प्रतिस्पर्धामा रहनु भएको छ ।

प्रतिस्पर्धा गर्नुहुनेमा मेरिल्याण्ड राज्यको डिष्ट्रिक ८ बाट मेरिल्याण्ड जनरल एसेम्बलीको लागि विधायक पदमा पुनः निर्वाचित हुनका लागि निर्वाचनमा होमिनु भएका डा ह्यारी भण्डारी र न्यूयोर्क राज्यको डिष्ट्रिक १०३ बाट न्यूयोर्क स्टेट एसेम्वलीको लागि सह्रना श्रेष्ठ हुनुहुन्छ । भण्डारी र श्रेष्ठले गत जुलाईमा भएको आन्तरिक पार्टी प्रतिस्पर्धा अर्थात प्राइमरी निर्वाचनमा विजयी भएर डेमोक्र्याट पार्टीको तर्फबाट आधिकारिक उमेदवार वन्नु भएको हो । सह्रनाले त २३ वर्षदेखि सोही पार्टीका बहालवाला डेलिगेटलाई हराएर प्राइमेरी निर्वाचनमा जीत हासिल गर्नु भएर एउटा अलग्गै इतिहास रच्न सफल हुनु भएको छ ।

सन् २००१ मा अध्ययनको लागि अमेरिका आउनु भएकी सह्रनाको राजनीतिक यात्रा रोचक छ । उहाँले सन् २०१९ मा मात्र अमेरिकाको नागरिकता लिनु भएको थियो । सन् २०२१ मा उमेदवारी दिएर २०२२ को जुनमा प्राइमेरी निर्वाचनमार्फत जीत हासिल गरेसँगै उहाँ डेमोक्र्याट पार्टीको तर्फबाट आगामी नोभेम्बर ८ तारिखको लागि निर्वाचनमा होमिनु भएको छ ।भण्डारी अमेरिकाको मूलधारको राजनीतिमा निर्वाचित हुने पहिलो नेपाली अमेरिकी हुनुहुन्छ ।

उहाँले सन् २०१८ मा भएको निर्वाचनमा डेमोक्रयाट पार्टीको तर्फवाट निर्वाचित भएर एउटा अलग्गै इतिहास बनाउनु भएको हो ।भण्डारी मेरिल्याण्डको जनरल एसेम्बलीमा आफनो चार वर्षे कार्यकालको अनुभवसहित निर्वाचनमा बहालवाला सांसदको हैसियतले चुनावी मैदानमा हुनुहुन्छ । सन् २०२० को जनगणनापश्चात गरिएको निर्वाचन क्षेत्र हेरफेरको कारणले चुनौती थपिएको उहाँको भनाइ छ ।

उहाँको निर्वाचन क्षेत्र पर्पल डिष्ट्रिक अर्थात डेमोक्र्याट र रिपब्लिकन पार्टी दुबैले जीत हासिल गर्न सक्ने सचेत मतदाताको बाहुल्यता भएको क्षेत्र हो । यसले गर्दा मतदाताले उमेद्वारको कार्ययोजना र कार्यशैलीलाई हेरेर मतदान गर्नेछन् । भण्डारी आफनो निर्वाचन क्षेत्रमा आफनो कार्ययोजनासहितका विवरण र विगतमा आफूले गरेको कामको फेहरिस्त लिएर मतदाताको घरदैलामा पुग्नु भएको छ । उहाँले सन् २०१८ मा व्यक्त गर्नु भएको प्रतिवद्धताअनुसार स्थानीय विद्यालयमा विद्यार्थीको चाप बढी भएको नागरिकको गुनासोलाई सम्बोधन गर्दै आफनो क्षेत्रमा थप तीन विद्यालय स्थापना गर्नु भएको थियो । यसले उहाँको लागि सकारात्मक वातावरण निर्माण भएको छ । उहाँको क्षेत्र ३ जनाले प्रतिनिधित्व गर्नुहुन्छ ।भण्डारीले भन्नुहुन्छ, ‘‘मैंले मेरो क्षेत्रका मतदातासँग गरेको प्रतिवद्धताअनुसार शिक्षा क्षेत्रमा पर्याप्त बजेट ल्याउन सफल भएको छु । करिब चार करोड ७० लाख डलर रकम बराबरका विद्यालयहरु मेरो क्षेत्रमा निर्माणाधीन रहेका छन् ।

मेरिल्याण्ड राज्यको जनरल एसेम्बलीमा हेल्थ एण्ड सरकार सञ्चालन कमिटिमा बसेर काम गर्नुभएका भण्डारी आफनो चार वर्षे कार्यकालको अनुभवले धेरै कुरा सिकाएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ,‘‘एउटा सार्वजनिक पदधारण गरेको नाताले र निर्वाचित जनप्रतिनिधि भएको नाताले हेल्थ केयरका कतिपय विषयमा हामी मिलेर धेरै काम गर्‍यौं । यसले मेरिल्याण्ड राज्यलाई महामारी व्यवस्थापनमा अब्बल सावित गराउन सफल पनि भयो । महामारीको बेलामा गभर्नरको कार्यालय र हाउस मिलेर नागरिकका समस्या सम्बोधन गर्न र महामारीको समयमा धेरै काम गर्‍यौं ।’’

उक्त समितिमा वसेर लङ्ग टर्म केयर, जेष्ठ नागरिकको लागि स्वास्थ्य सेवाको पहुँच जस्ता धेरै विषय समेटिएका १४ वटा विधेयक पास गराउन सकेकामा आफनो कार्यकाल सफल भएको भण्डारी टिप्पणी गर्नुहुन्छ ।

नेपाली समुदायका लागि पनि धेरै काम गर्न सकेको बताउँदै उहाँ भन्नुहुन्छ, ‘‘कोरोनाको महामारीको बेलामा कतिपय स्थानमा मृत्युवरण गरेका नेपालीको अन्तिम संस्कार गर्नको लागि म उपस्थित भएको थिएँ । दिवंगत नेपालीको शव व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्नु भएका भण्डारीले कोरोना महामारीको वीचमा एक हजार पाँच सय नेपालीको वेरोजगार फर्म भर्नसमेत कार्यालयमार्फत काम गर्नु भएको थियो । भण्डारी अझै पनि नेपाली समदाय अमेरिकामा देखिने र सुनिने समुदायको रुपमा नआएको भन्नुहुँदैं राजनीतिक सामाजिक एकीकरणको पक्षमा आफूले समन्वय गर्न सकेको बताउनुहुन्छ ।

भण्डारीले नेपाली अमेरिकीको सहभागितामा सञ्चालित दुई सामुदायिक भवनको पुर्नसंरचना गर्न र सर्भिसेज रुमहरुको निर्माणको लागि भनेर पाँच लाख ५० हजार डलर बराबरको रकम लेजिष्लेटिभ वण्डमार्फत राज्य सरकारको कोषबाट रकम उपलब्ध गराउनु भएको छ । सन् २००८ मा तत्कालीन राष्ट्रपतिका उमेदवार वाराक ओवामाको चुनावी अभियानमा स्वयंसेवक बन्नुभएका भण्डारीले यो १४ वर्षको बीचमा धेरै कुरामा पहुँच राख्न सक्नुभएको छ ।

मेरिल्याण्ड राज्यको शिक्षा क्षेत्रमा कार्यरत रहनु भएका भण्डारी अपरान्ह ३ बजेसम्म कक्षा कोठामा नै विद्यार्थीलाई अध्यापन गराउने गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, ‘‘मैले आफनो पेशालाई पनि निरन्तरता दिइरहेको छु र चुनावी अभियान पनि टीममार्फत व्यवस्थित तरिकाले सञ्चालन गरिरहेको छु ।’’ भण्डारी दोस्रो कार्यकालको लागि उमेदवार बन्नुभएको छ । उहाँले यसपटक जीत हासिल गर्नु भएको खण्डमा दोस्रो कार्यकाल अमेरिकाको मूलधारको राजनीतिमा विजय हुने उहाँ एक मात्र व्यक्ति हुनु हुनेछ ।

उता सह्रना श्रेष्ठले न्यूयोर्कको १०३ नम्बरको डिष्ट्रिकमा डेमोक्र्याट पार्टीको विगत दुई दशकदेखि प्रतिनिधित्व गर्दै आउनु भएका वहालवाला सांसदलाई प्राइमेरी निर्वाचनमा पराजय गर्नु भएको हो । उहाँको पहिलोपटकको राजनीतिक यात्राले नै नयाँ उचाई हासिल गर्न सकेको छ । पर्यावरणको क्षेत्रमा काम गर्नु हुने श्रेष्ठले आफनो चुनावी अभियानमा कुनै पनि कर्पोरेट कम्पनीबाट चन्दा नलिने उदघोष गर्नु भएको छ । उहाँले ऊर्जाको दर कम र शतप्रतिशत नवीकरणीय ऊर्जा भन्ने नाराका साथ चुनावी अभियानमा होमिनु भएको छ । यी नारा तय गर्नुमा आफनो स्थानीय नागरिकको समस्या सम्बोधन गरेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, ‘‘यो न्यूयोर्कको सेन्ट्रल हडसन क्षेत्रका नागरिकले चर्को दरको विद्युत् उपयोग गर्नु परेको छ ।

यसलाई मैले मुख्य मुद्दा बनाएको छु । मेरो सोच भनेको विद्युत् सेवाप्रदायकहरु निजी क्षेत्रबाट सरकारी क्षेत्रमा लानुपर्छ भन्ने हो । यसको लागि कतिपय विलहरु बनाउनु पर्ने हुन्छ, यसमा सामूहिक सहकार्यबाट मात्र सम्भव रहन्छ ।’’उहाँको चुनावी अभियानमा युनिभर्सल हेल्थ केयर जसमा मानसिक स्वास्थ्य, दीर्घकालीन हेरविचार र प्रजनन हेरचाहलगायतका विषय समावेश गरिएको छ । उहाँलाई अमेरिकाको राजनीतिमा प्रगतिशील एजेण्डाका साथ उदाउनु भएकी कंग्रेस सदस्य अलेक्ज्याड्रिय कोर्टेजले सहयोग गर्नु भएको छ । उहाँलगायत न्यूयोर्क राज्यका चार एसेम्बली सदस्य र दुई स्टेट सिनेटरले पनि श्रेष्ठलाई समर्थन गर्नुभएकाले उहाँको विजयलाई बल पुर्‍याएको छ ।

सन् २००१ मा कम्प्युटर ग्राफिक्स अध्ययन गर्न अमेरिका आउनु भएकी सह्रनाले २०१९ मा अमेरिकाको नागरिकता लिनुभएको थियो । सह्रना भन्नुहुन्छ, ‘‘मैले उमेदवार हुने सोच बनाएको एक वर्ष भयो । यहाँको समुदायले गरेको सहयोगको कारण मैले प्राइमरी निर्वाचनमा सफलता हासिल गर्न सकेको हुँ ।’’ उहाँ आफ्ना पतिसहित न्यूयोर्कको हडसन भ्यालीमा बस्दै आउनु भएको छ । उहाँ उल्सटर काउन्टीको मिड हडसन भ्याली च्याप्टरको डेमोक्रयाटिक सोसलिष्टस अफ अमेरिको सहअध्यक्ष समेत रहनु भएको छ । श्रेष्ठ भन्नुहुन्छ,‘‘यसले नै मलाई राजनीतिक यात्रामा योगदान दिएको हो ।’’

यसपटकको निर्वाचनमा दुई जना मात्र निर्वाचनको मैदानमा भएपनि विगत वर्षहरुमा अनेकन राज्यहरुमा नेपालीहरुले उमेदवारी दिदै आएका छन् । तर अहिलेसम्म सङ्घीय सरकारमा प्रतिनिधित्व गर्ने गरी कसैले विजय हासिल गर्न भने सकेका छैंनन् ।यसरी अमेरिकाको राजनीतिमा होमिनेहरु दर्शन रौनियारले सन् २०१२ मा वाशिङ्गटन स्टेटको कंग्रेसनल डिष्ट्रिक १ वाट निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएको थियो तर उहाँले प्राईमेरी निर्वाचन मा नै पराजय भोग्नु परेको थियो ।

यसैगरी टेक्सास राज्यको हाउस अफ रिप्रिजेन्टेटिभमा डिष्ट्रिक ९२ वाट उमेदवार वन्नु भएका दिनेश शर्माले पनि यस पटकको लागि प्राईमेरी निर्वाचनमा पराजयको सामना गर्नु परयो । नेपाली अमेरिकन मतदाताहरुको राम्रो मत भएको स्थानमा पनि शर्माले जीत हासिल गर्न सक्नु भएन् । राज्य तहको निर्वाचन वाहेक स्थानीय तहको निर्वाचनमा भने नेपालीले जीत हासिल गरेका छन् । भर्जिनियाको हरडनको काउन्सिल मेनको रुपमा प्रदीप ढकाल कार्यरत हुनुहुन्छ । यसैगरी मेरिल्याण्ड राज्यको ईण्डियाना हेड सिटीको भाइस मेयरको रुपमा किरण सिटौलाले काम गरिरहनु भएको छ । उता कनेक्टिकट राज्यको वेडफर्डमा काउन्सिल मेनको रुपमा राम श्रेष्ठले काम गरिरहनु भएको छ ।

यसैगरी टेक्सासमा रहेको युलेस सिटीको काउन्सिल सदस्यको रुपमा टीका पौडेलले गत वर्ष भएको निर्वाचनमा विजयी हासिल गर्नु भएको थियो । यस्तै ओहायो राज्यमा रहेको भुवन प्याकुरेल काउन्सिल सदस्यको रुपमा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# स्वदेशी बिजुलीले नै उज्यालो बन्यो दीपावली

**रमेश लम्साल**
काठमाडौँ, ९ कात्तिक (रासस)।

ठीक छ वर्षपहिले अर्थात् २०७३ सालमा हरेक साता विद्युत्भार कटौतीका सूचना सार्वजनिक हुन्थे। तिहार उज्यालोको पर्व। यसको आफ्नै गरिमा र महत्व छ। तर तिहारका अवसरमा समेत नेपालीले मैनबत्तीको भरमा आफ्नो खुसी साट्नु पर्दथ्यो। बिजुली उपलब्ध गराउने जिम्मा लिएको नेपाल विद्युत् प्राधिकरण हरेक साता सूचना प्रकाशित गरेर आनन्दसँग निदाउँथ्यो।

समय बदलियो, अवस्थामा पनि परिवर्तन आयो। तत्कालीन नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)को संयुक्त गठबन्धन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले लिएको नीतिका कारण २०७३ सालको लक्ष्मी पूजाको दिनदेखि काठमाडौँ उपत्यकाबाट विद्युत्भार कटौती अन्त्य भयो। सरकारले जनताका सामु गरेको वाचालाई पूरा गऱ्यो। त्यो वाचा पूरा गराउन हालका अर्थमन्त्री एवम् तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माको पहलकदमी पनि उत्तिकै महत्वपूर्ण थियो। प्राधिकरणको नेतृत्वमा रहेर कार्यकारी निर्देशक कुलमान घिसिङले निर्वाह गर्नुभएको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ।

नेपालबाट अब विद्युत्भार कटौती इतिहास भएको छ। विद्युत्भार कटौती मात्रै इतिहास भएको छैन, तिहारमा भारतीय बजारबाट खरिद गरेर ल्याइने बिजुली पनि अब आयात हुन बन्द भएको छ। नेपाल र नेपाली क्रमशः ऊर्जामा आत्मनिर्भर बन्दैछन् भन्ने अवस्थामा पुगिएको छ।

सोमबार देशैभर हर्ष उल्लासका साथ तिहारको महत्वपूर्ण दिन लक्ष्मी पूजा गरिएको छ। लक्ष्मी पूजा बत्ती बाल्ने दिन। लक्ष्मीको आराधना गर्ने दिन। त्यस दिन देशभर कूल एक हजार तीन सय पाँच मेगावाट बराबरको बिजुली खपत भएको प्राधिकरणले जनाएको छ। देशभर बिजुलीको के कति माग छ भन्ने कुराको खास मापन गर्ने दिनका रूपमा यस यस दिनलाई लिइन्छ। आन्तरिक रूपमा क्रमशः बिजुलीको मागमा वृत्ति हुँदै गएको छ। गत वर्षको तिहारमा अधिकतम बिजुली खपत एक हजार दुई सय मेगावाट बराबर थियो। यस आधारमा गत वर्षभन्दा एक सय पाँच मेगावाट थप बिजुली खपत भएको छ, यस वर्ष।

यस्तै, गत असार २८ गते अधिकतम बिजुली खपत अर्थात् पिक लोड एक हजार सात सय ४७ मेगावाट रहेको थियो। काठमाडौँ उपत्यकामा तीन सय ४२ मेगावाटको हाराहारीमा अधिकतम माग देखिएको प्राधिकरणले जनाएको छ। लक्ष्मी पूजाको दिनसमेत प्राधिकरणले तीन सय ८० मेगावाट बिजुली भारत निर्यात गरेको थियो। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार सोमबार निजी क्षेत्रका ऊर्जा उद्यमीका आयोजनाबाट प्रणालीमा सात सय ६७ दशमलव पाँच मेगावाट बिजुली प्रणालीमा उपलब्ध भएको थियो।

यस्तै प्राधिकरणका सहायक कम्पनीका आयोजनाबाट कूल चार सय ८२ दशमलव दुई मेगावाट उपलब्ध भएको थियो। प्राधिकरणका अर्धजलाशयुक्त आयोजनाबाट चार सय ३५ मेगावाट बिजुली प्रणालीमा उपलब्ध भएको थियो। यस आधारमा भारतमा समेत निर्यात गरेको जोड्दा एक हजार छ सय ६८ मेगावाट बिजुली कूल खपत भएको देखिन्छ। लक्ष्मी पूजाको दिनसमेत कूल दुई सय मेगावाट बिजुली खेर गएको छ।

विसं २०७३ को लक्ष्मी पूजाको दिनदेखि काठमाडौँ उपत्यका र २०७५ साल वैशाख ३१ गतेदेखि देशभर नै विद्युत्भार कटौती अन्त्य गरेको प्राधिकरणले पछिल्ला दिनमा गुणस्तरीय बिजुली उपलब्ध गराउने प्रयास गरिरहेको छ। बिजुलीको खपत बढाउने अभियान पनि निरन्तर जारी छ।

यद्यपि अपेक्षित रूपमा बिजुलीको माग भने बढ्न नसकेको गुनासो पनि उत्तिकै आउने गरेको छ। सोमबार साँझ प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ, उपकार्यकारी निर्देशकहरूसहितको टोली स्युचाटारस्थित भार प्रेषण केन्द्रबाट लक्ष्मी पूजाको दिन विद्युत् माग र आपूर्ति व्यवस्थापनका लागि खटिएको थियो। विनाअवरोध देशभरि विद्युत् आपूर्ति गर्न प्राधिकरण सफल भएको छ।

विगतका वर्षहरूमा लक्ष्मी पूजाको माग धान्नका लागि विद्युत् आयात हुँदै आएकामा अब आन्तरिक उत्पादनले माग धान्ने मात्र हैन खपत हुन नसकेर बढी हुन थालेको छ। प्राधिकरणले यस वर्ष लक्ष्मी पूजाको पिक डिमान्ड धान्नको लागि कुलेखानी जलाशययुक्त जलविद्युत् केन्द्रसमेत सञ्चालन गरेन। कुलेखानी पहिलोबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन हुन्छ।

यस वर्षको लक्ष्मी पूजाको पिक समयमै तीन सय ८० मेगावाट विद्युत् भारत निर्यात गरिएको र दुई सय मेगावाट विद्युत् खपत गर्न नसकिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताउनुभयो। प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री गरिरहेको छ। "विगतमा लोडसेडिङ हुँदा लक्ष्मी पूजाको दिनको विद्युत् खपतलाई पिक डिमान्ड मानिन्थ्यो भने अहिले त्यो अवस्था छैन, अरू बेला नै पिक डिमान्ड आउने गरेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

तिहारमा उद्योगकलकारखानाहरू र कार्यालयहरू सबै बन्द छन्, फेरि तराइमा गर्मी छैन र काठमाडौँ उपत्यकासहित पहाडी क्षेत्रमा जाडो पनि सुरु भइनसकेकाले अहिले विद्युत् माग नआउने समयका रूपमा लिइन्छ। उहाँले आन्तरिक रूपमा विद्युत् खपत बढाउनु ठूलो चुनौती रहेको बताउनुभयो।

प्राधिकरणले गत असार २८ गते देशभित्रको पिक डिमान्ड सबैभन्दा बढी रहेको थियो। देशभित्रको विद्युत् खपत र भारततर्फको निर्यातसहित लक्ष्मी पूजाको दिन प्रणालीको पिक डिमान्ड एक हजार छ सय ८५ मेगावाट रेकर्ड गरिएको छ। यस वर्ष सङ्घीय राजधानी काठमाडौँ उपत्यकासहित यस आसपासका क्षेत्रको पिक डिमान्ड तीन सय ४२ मेगावाट छ। गत वर्ष तीन सय २० मेगावाट थियो।

प्राधिकरणले पर्याप्त विद्युत् रहेकाले ढुक्कसँग बत्ती बाल्न उपभोक्तलाई आग्रह गरेको थियो। प्राधिकरणले लक्ष्मी पूजाको दिन विद्युत् अवरोध हुन नदिन मुलुकभर रहेका वितरण केन्द, विद्युत् गृहका प्रमुखहरू र त्यहाँ रहेका प्राविधिक कर्मचारीलाई तयारी अवस्थामा राखेको थियो।

## अमेरिकी निर्वाचनमा...

काम गर्नु भएको छ। प्याकुरेल भुटानी अमेरिकन हुनुहुन्छ। प्याकुरेल आप्रवासन पुनस्थापना अन्तर्गत अमेरिका आइपुग्नु भयो। उहाँले ओहायो राज्यमा सिटी काउन्सिलमा विजय हासिल गर्नु भएको छ। प्याकुरेलले नेपाली भाषीको सेवामा आफूले काम गरेको बताउनुहुन्छ।

टेक्सासमा नै मोहन ज्ञवालीले सिटी काउन्सिल सदस्यमा उमेदवारी दिनु भएको थियो तर उहाँले पनि पराजयको सामना गर्नु परयो।अमेरिकामा रहेका नेपालीहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा राजनीतिमा होमिएका छन्। यसले गर्दा यहाँको मूलधारको राजनीतिमा नेपालीहरुको सहभागिता वृद्धि भएको छ। सन् २०१८ को हयारीको निर्वाचनमा विजयी गराउन नेपालीहरुको फर्सिको मुन्टाको डिप्लोमेशीले काम गरेको थियो। यस अन्तर्गत नेपाली अमेरिकनहरुले आफनो घरको करेसावारीमा फलेको हरियो सागसब्जि आफना छिमेकीहरुलाई दिएर भावनात्मक रुपमा नजिकका साथी बनेका थिए। कतिपय अवस्थामा त्यस्ता छिमेकीहरुले समेत मतदानमा भाग लिएर मत दिएका थिए। यसैले यहाँका स्वतन्त्र अध्येताहरु फर्सिको मुन्टा डिप्लोमेसीको रणनीति चुनावी अभियानमा फलदायी भएको बताउँछन्।

टेक्सासमा बसेर वित्तीय साक्षरता अभियानमार्फत समुदायलाई सहयोग गर्दै आउनुभएका गगन केसी अमेरिकाको राजनीतिमा बढीभन्दा बढी सहभागिताको खाँचो रहेको बताउनुहुन्छ। कतिपय विषयमा कानून, विधिविधान र अधिकारको बारेमा जानकारी लिन पनि राजनीतिक सहभागिताको खाँचो रहेको उहाँ बताउनुहुन्छ।

नेप्लीज अमेरिकन एलायन्स फर एक्सनका उपाध्यक्ष अर्जुन हमाल अझै नेपाली अमेरिकीले यो मूलधारको राजनीतिमा सक्रिय सहभागिता जनाउन नसकेको बताउनुहुन्छ। उहाँ थप्नुहुन्छ,"हामीले एक जना डेलिगेट निर्वाचित गर्दा त सरकारी सेवा, सुविधामा यस्तो पहुँच स्थापित गराउन सफल भएका छौं भने अझ धेरै निर्वाचित प्रतिनिधि भएको खण्डमा धेरै काम गराउन सकिन्छ।"

टेक्सासमा रहनु भएका टीका पौडेलको चुनावी अभियानमा खटनु भएका नेपाल-अमेरिका पत्रका सङ्घ नेजाका अध्यक्ष विकासराज न्यौपाने अमेरिकाको स्थानीय तहको सरकार सञ्चालनको प्रक्रिया सिक्न स्थानीय तह, राज्य स्तरको लागि राज्य तहको र सङ्घीय सरकारको लागि कंग्रेस सिनेटको अभियानमा सहभागी हुनु पर्ने बताउनुहुन्छ। न्यौपाने भननुहुन्छ, "अमेरिकाको राज्य सञ्चालनको बारेमा बुझ्न निर्वाचनमा होमिनु भएकाहरुलाई हरेक तबरले सहयोग गर्नु पर्ने हामीहरुको दायित्व पनि हो।"

अमेरिकामा राजनीति गर्न महत्वपूर्ण पाटो आर्थिक पक्ष हुन्छ। आफना तल्लो एकाईका नागरिकले दिने चन्दा, स्थानीय सङ्घसंस्थाले दिने चन्दा र कर्पोरेट चन्दाका आधारमा उमेदवारको क्षमता मापन गरिन्छ। यसरी उठाइएको चन्दाको महत्वपूर्ण हिस्सा आफनो एजेण्डा समेटेर पठाइने चिठी र पर्चाहरुमा बढी खर्च हुन्छ। यसैगरी डिजिटल विज्ञापन र कार्यालय व्यवस्थापनको लागि समेत सोही चन्दाको आधारमा खर्च गर्नुपर्ने हुन्छ। यसरी सङ्कलन गरिएको रकम, व्यक्तिको विवरण र खर्चसमेत सम्बन्धित राज्यको निर्वाचन कार्यालयमा हरेक तीन/तीन महिनामा बुझाउनु पर्ने हुन्छ।

कुन राजनीतिज्ञलाई कसले, के कति सहयोग गरे ? र उनीहरुले केके शीर्षकमा खर्च गरे भन्ने जानकारी मतदाताले पाउँछन्। आर्थिक पक्षको पारदर्शितालाई यहाँ प्रजातन्त्रको महत्वपूर्ण आधारशीलाको रुपमा लिने गरिन्छ। सन् २०२० को राष्ट्रपतिको चुनावलाई आधार मानेर यस चुनावलाई मध्यावधी चुनाव भनिन्छ। अमेरिकाको राजनीतिमा यस्तो चुनाव दुई वर्षअघि राष्ट्रपति निर्वाचित भएपछि राष्ट्रपतिले गरेका काम कारवाहीलाई नागरिकले कसरी हेरेका छन् भनेर गरिने जनमतसङ्ग्रह पनि हो।

आगामी नोभेम्बर ८ मा हुने निर्वाचनमा ३४ सिनेटर, ४३५ कंग्रेस मेन र ३६ वटा राज्यको गभर्नरको लागि निर्वाचन हुने भएको छ। यसैगरी कतिपय राजयका जनरल एसेम्बली, काउन्टी एक्जुकेटिभलगायत स्थानीय निकायमा सरकार सञ्चालन गर्ने पदाधिकारीको निर्वाचन हुनेछ। अमेरिकाको राज्य सञ्चालनमा स्थानीय, राज्य र सङ्घीय गरेर तीन तहको सरकार सञ्चालनमा रहेको छ। यी सबै तहका निर्वाचन नोभेम्बर ८ तारिखको लागि तोकिएको छ। तर चुनाव हुनुभन्दा अगाडि 'अर्लिभोटिङ'मार्फत नागरिकले मतदान दिन पाउँछन् भने हुलाकी चिठी पत्रमार्फत पनि नागरिकले मतदानमा सहभागिता जनाउन सक्छन्। अमेरिकामा राष्ट्रपतिको चुनाव भने आगामी दुई वर्ष पछि अर्थात सन् २०२४ मा हुनेछ।

सिनेटमा ४८ डेमोक्रयाट, ४८ रिपबिलकन र दुई स्वतन्त्र सिनटेरहरु रहेका छन्। कुनै विधयेकमा बराबर मत परेको खण्डमा उपराष्ट्रपतिले मतदान गरेर बहुमत कायम हुने व्यवस्था छ। यसैले डेमोक्रयाट पार्टी र रिपब्लिकन पार्टी दुवै सिनेटमा वहुमत सदस्यको जीत हासिल गर्न चाहन्छन्।

## विश्व समाचार

### 'अफ्रिकामा शरणार्थीहरूको अवस्था दयनीय'

जेनेभा, ९ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले अफ्रिकी देशहरुमा पछिल्लो समयमा देखिएको राजनीतिकलगायत सङ्कटका कारण यहाँका शरणार्थीहरुको अवस्था निकै सङ्कटपूर्ण रहेको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घले यहाँ सरकारले राखेका तथ्याङ्कमा भन्दा पनि बढी शरणार्थी रहेका र उनीहरुका समस्या पनि निकै धेरै रहेका बताएको हो।

साथै यहाँ पछिल्ला दिनमा शरणार्थी बढ्दै गएका र आगामी दिनमा यो सङ्ख्या थप बढ्ने चेतावनी पनि संयुक्त राष्ट्रसङ्घले दिएको छ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चायुक्त फिलिपो ग्रान्डीले सो कुरा बताउनुभएको हो। उहाँका अनुसार अफ्रिकी देशमा शरणार्थीको संख्या बढ्दै गएसँगै कतिपय स्थानमा उनीहरुको अवस्था पनि अज्ञात रहेको उहाँको भनाइ छ।

सोमालिया र केन्याको पाँच दिने भ्रमण सकेसँगै मङ्गलबार दिनुभएको प्रतिक्रियामा उहाँले सो कुरा बताउनुभएको हो। उहाँले यहाँका शरणार्थीका कैयौं समस्या रहेका, उनीहरुले सङ्कटपूर्ण अवस्थाबाट दिन काट्नु परिरहेको भन्दै यसका लागि सबैको सहयोग आवश्यक रहेको बताउनुभएको हो।

विश्वले नै यो संवेदनशील विषयमा ध्यान दिनु जरुरी छ र विश्वका दाता एवम् अन्य राष्ट्रले सहयोगको हात बढाउनुपर्ने अवस्था छ, उहाँले भन्नुभएको छ।

सोमालियामा मात्र यस वर्ष कम्तीमा दश लाख नागरिक खडेरीका कारण विस्थापित भएका तथ्याङ्क संयुक्त राष्ट्रसङ्घसँग रहेको उहाँले बताउनुभयो।

उच्चायुक्त फिलिपोले सोमालियमा नै आन्तरिक राजनीतिक विवाद र हिंसाका कारण विस्थापित भएकाको सङ्ख्या कम्तीमा पनि पाँच लाख रहेको जानकारी दिनुभयो।

त्यसैगरी उहाँले केन्याका दबाद र काकुनामा रहेका शरणार्थी शिविरको भ्रमण गर्नुभएको थियो। ती शिविरमा रहेका कम्तीमा पनि ५० हजार शरणार्थीलाई तत्कालै अत्यावश्यकीय सहयोगको खाँचो रहेको बताउनुभएको थियो।

### युक्रेनलाई सहयोगका लागि छलफल

किभ, ९ भदौ (रासस/सिन्ह्वा)।

युक्रेनलाई आर्थिकलगायत आवश्यक सहयोग गर्ने विषयमा अन्तर्राष्ट्रिय मुद्रा कोषसँग छलफल भएको छ।

युक्रेनका प्रधानमन्त्री डेनिस साइहाल र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) का प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जियाभाकाबीचमा छलफल भएको हो।

युक्रेन र आइएमएफका बीचमा हुनसक्ने थप र नयाँ सहयोगका क्षेत्रका विषयमा उहाँहरुका बीचमा कुराकानी भएको बताइएको छ।

युक्रेनका प्रधानमन्त्रीको सचिवालयले मङ्गलबार सो कुराको जानकारी गराएको हो। प्रधानमन्त्री साइहालले आगामी सन् २०२३ मा युक्रेनमा आइएमएफको नयाँ आयोजना सुरु हुने बताउनुभएको थियो।

जर्मनीको बर्लिनमा मङ्गलबार भएको सो छलफलका क्रममा उहाँले युक्रेनलाई थप सहयोग आवश्यक रहेको बताउनुभएको थियो।

त्यस क्रममा आइएमएफका प्रबन्ध निर्देशक क्रिस्टालिनाले पनि युक्रेनका लागि सहयोग निरन्तर रहेको र आगामी वर्ष नयाँ कार्यक्रमका साथ अघि बढ्ने बताउनुभएको थियो।

यस वर्षमात्र युक्रेनले आइएमएफबाट दुई अर्ब सात करोड अमेरिकी डलर सहयोग प्राप्त गरेको थियो। सो सहयोगलाई निरन्तर गर्दै आगामी वर्षका लागि नयाँ कार्यक्रमका साथ आयोजना ल्याइने आइएमएफले जनाएको छ।

युक्रेनमाथि रुसले हमला गरेपछि यहाँको अर्थतन्त्र नाजुक बनेको छ। साथै यहाँका कतिपय भौतिक संरचनाको पुनःनिर्माणका क्षेत्रमा पनि युक्रेनलाई सहयोग आवश्यक रहेको छ।

### इजिप्टमा सडक दुर्घटना, एघार जनाको मृत्यु

कायरो, ९ कात्तिक (रासस/सिन्ह्वा)।

इजिप्टको राजधानी कायरोको उत्तरमा पर्ने डाकाहलिया प्रान्तमा मङ्गलबार भएको सडक दुर्घटनामा परी कम्तीमा पनि ११ जनाको मृत्यु भएको छ। यस दुर्घटनामा अरु नौ जना घाइते भएका छन्।

चालकसहित १४ जना बोकेको एउटा मिनीबस राजमार्गको पुलतर्फ जाँदै गर्दा विपरीत सडकबाट निकै तीव्र गतिमा आउँदै गरेको लरीले ठक्कर दिएको डकाहलिया प्रान्तको फेसबुकमा राखिएको एउटा विज्ञप्तिमा जनाइएको छ। मृत्यु हुने सबै एकै परिवारका रहेका छन्।

एकै परिवारका छ बालबालिकासहित एघारको मृत्यु भएको प्रहरीले जनाएको छ। यस घटनामा घाइते भएका सबैलाई नजिकैको एक सरकारी अस्पतालमा भर्ना गरिएको समाचारमा जनाइएको छ।

# समानुपातिकतर्फ ६८ जिल्लाका लागि मतपत्र ढुवानी

काठमाडौँ, ९ कात्तिक (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि समानुपातिकतर्फ ६८ जिल्लाका लागि मतपत्र ढुवानी भइसकेको छ।

निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार बाँकी नौ जिल्लाको मतपत्र ढुवानी तिहार लगत्तै हुनेछ। हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ३६ जिल्लाको र सोही प्रणालीको प्रदेशसभाका लागि ३३ जिल्लाका मतपत्र छपाइ सम्पन्न भएको छ। दुवैतर्फ गरी आवश्यक पर्ने गरी चार करोड मतपत्रमध्ये कूल दुई करोड ९० हजार पाँच सय मतपत्र छपाइ भएको छ।

# सामाजिक सञ्जालबाट लाञ्छनापूर्ण अभिव्यक्ति नदिन आग्रह

काठमाडौँ, ९ कात्तिक (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका क्रममा उम्मेदवार र राजनीति दलका नेताबारे सामाजिक सञ्जालबाट लाञ्छनापूर्ण अभिव्यक्ति दिइएको पाइए एक लाख रुपैयासम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ।

निर्वाचन आयोगले केही सामाजिक सञ्जाल प्रयोगकर्तासमेतबाट फेसबुक पेज ग्रुपबाट निर्वाचनमा उम्मेदवार रहेका दलको नेताबारे विभिन्न लाञ्छनापूर्ण अभिव्यक्ति तथा भ्रामक र द्वेषपूर्ण श्रव्य/श्रव्यदृश्य सामग्री प्रकाशन गरेको प्रति आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

झुठ फेसबुक पेज ग्रुप सिर्जना गरी नेताविरुद्ध प्रचारप्रसार गर्ने कार्य विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०७३ को दफा ४७, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २३ को दपदफा (१) तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा ४ को प्रतिकूल रहेको देखिने ठहर आयोगले गरेको छ।

उल्लेखित कसूर गर्ने व्यक्तिलाई रु एक लाखसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था रहेको हुँदा झुठा फेसबुक पेजग्रुप तत्काल हटाइ उप्रान्त यस किसिमको गतिविधि नगर्न सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै, उक्त फेसबुक पेजबाट तत्काल नहटाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने आयोगले जनाएको छ।

# घरदैलो अभियानमा चुनावी प्रचार

काठमाडौँ, ९ कात्तिक (रासस)।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरूले आफ्नो पक्षमा मत कसरी प्राप्त गर्न सकिन्छ भनेर जनताको मन जित्न विभिन्न प्रयास गरिरहेका छन्।

निर्वाचन आयोगको आचारसंहिता, २०७९ को दफा १३ अनुसार मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र जुलुस, आमसभा, कोणसभा गर्न पाइने भएपछि हाल उम्मेदवारहरू घरदैलो अभियानमा व्यस्त देखिएका छन्।

आचारसंहिताअनुसार यही कात्तिक १७ गतेभन्दा अघि कुनै पनि राजनीतिक दल तथा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा गर्न तथा सञ्चारमाध्यममा कुनै प्रकारको प्रचार-प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न पाउँदैनन्।

यस निर्वाचनमा चुनावी प्रचारको अवधि कम भएर उचित प्रचार-प्रसार गर्न नपाइएको उम्मेदवारको गुनासो रहे पनि तिनै उम्मेदवारले छोटो समय प्रचार-प्रसार अवधि हुँदा आफ्नो खर्च बचतसमेत भएको बताउने गरेका छन्।

**निर्वाचनसंहिताअनुसार के पाइन्छ, के पाइँदैन ?**

उम्मेदवारहरूले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ मा निर्वाचन प्रचार-प्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थकसहित २५ जनाभन्दा बढीको जुलुस लिएर जान नहुने, यसरी जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुनेसमेतको व्यवस्था भएकाले सबै राजनीतिक दलले सो व्यवस्थाको पालना गर्ने तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रीले त्यस्तो कार्यक्रममा सरकारी साधन, स्रोत तथा जनशक्तिको उपयोग गर्न पाइँदैन।

त्यस्तै निर्वाचन प्रसार-प्रसारका लागि आयोगले अनुमति दिएको सवारीसाधन मात्र प्रयोग गर्न पाउने व्यवस्था रहेकाले सबै राजनीतिक दल तथा उम्मेदवारले आयोगले तोकेबमोजिम अनुमति लिएर मात्र निर्वाचन प्रसार-प्रसारका लागि सवारीसाधन प्रयोग गर्ने, निवाचन प्रचार-प्रसारका लागि अनुमति लिएका सवारीसाधनबाहेक अन्य सवारीसाधनमा दलको वा निर्वाचन चिह्न अङ्कित झण्डा प्रयोग गर्न पाइँदैन।

आचारसंहितामा कसैको निजी घर-जग्गा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकको पाल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने व्यवस्था रहेको छ।

साथै यस्तो सामग्री राखेको वा टाँसेको भएमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने व्यवस्था रहेकाले कुनै पनि उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा आचारसंहिताको दफा १३ को उपदफा (१) को खण्ड राजाविपरीत हुने गरी आफ्नो वा आफ्नो दलसँग सम्बन्धित प्रचार-प्रसार सामग्री नटास्न तथा अरुलाई समेत त्यस्तो प्रचार-प्रसार सामग्री राख्न वा टाँस्न नदिने उल्लेख छ।

आचारसंहिता विपरीतका काम भएमा कानुनबमोजिम जरिवाना तथा उम्मेदवारी खारेजसम्मको सजाय हुनसक्ने भएकाले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आचारसंहिताको व्यवस्था आफूले पालना गर्ने र अरुलाई समेत पालना गर्न लगाउने रहेको छ।

आगामी निर्वाचनमा जम्मा मतदाता सङ्ख्या एक करोड, ७९ लाख ८८ हजार पाँच सय ७० रहेका छन्। त्यसमध्ये महिला ८८ लाख ४७ हजार पाँच सय ७९ र पुरुष ९१ लाख ४० हजार आठ सय छ रहेका छन् भने अन्य एक सय ८५ रहेका छन्।

# राजनीतिक दल र उम्मेदवारलाई सम्पर्क कार्यालय खोल्नेबारे आयोगको सात बुँदे निर्देशन

काठमाडौँ, ९ कात्तिक (रासस)।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारलाई सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा सात बुँदे निर्देशन दिएको छ।

निर्देशन अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा प्रदेश निर्वाचन क्षेत्रलाई समेटने गरी बढीमा तीनवटा सम्पर्क कार्यालय खोल्न र प्रदेशसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रदेशसभा सदस्य पदको उम्मेदवारले १ (एक) वटा सम्पर्क कार्यालय खोल्न सक्नेछन्।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य समानुपातिकतर्फ बन्दसूचीमा उम्मेदवारी पेस गरेका दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रमा एकवटा सम्पर्क कार्यालय खोल्न सक्ने र माथिका प्रकरण नं १ २ र ३ बमोजिम कार्यालय स्थापना गर्दा सम्भव भएसम्म एउटै स्थान प्रयोग गर्न आयोगले निर्देशन दिएको छ।

प्रत्यक्षतर्फ उम्मेदवारी दिई निर्वाचन चिन्ह प्राप्त गरी सकेपछि त्यस्ता उम्मेदवारले अन्य कुनै उम्मेदवारलाई समर्थन गरेको भएमा त्यस्ता उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गर्न नपाउने र प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको लागि घर भाडामा लिई सम्पर्क कार्यालय स्थापना गरेको भएमा त्यस्तो घरको घर भाडा उम्मेदवारको निर्वाचन खर्चमा समावेश गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ। राजनीतिक दल वा उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गरेको जानकारी निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा तुरुन्त उपलब्ध गराउन पनि निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिनुभयो।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ मा आयोगले संविधान र प्रचलित कानुनको अधिनमा रही दलले गर्ने काम कारबाही सञ्चालन गर्दा पालना गर्नुपर्ने विषयका सम्बन्धमा आयोगले आवश्यक निर्देशन दिन सक्नेछ। सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको निर्देशन पालना गर्नु प्रत्येक दलको कर्तव्य हुने कानुनी व्यवस्था रहेको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (१) को (म) मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिन भन्दा सत्र दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसारसम्बन्धी जुलुस, आमसभा, कोणसभा गर्न, सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था रहेको छ।

# ६ सय ४१ सक्रिय संक्रमित

काठमाडौँ, ९ कात्तिक (रासस)।

पछिल्लो २४ घन्टामा १६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। एक हजार एक सय १७ नमूनाको परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रिमत फेला परेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

नेपालमा हालसम्म १० लाख पाँच सय २३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। सङ्क्रमितमध्ये नौ लाख ८७ हजार आठ सय ६३ जना सङ्क्रमण मुक्त भएका छन्। बुधबार ३५ जना कोरोना सङ्क्रमणमुक्त भएका छन्। सक्रिय सङ्क्रमितको सङ्ख्या छ सय ४१ छ।

कोरोना सङ्क्रमणबाट हालसम्म १२ हजार १९ जनाले ज्यान गुमाएका छन्। मन्त्रालयका अनुसार दुई करोड ३२ लाख आठ हजार चार सय ८३ जनाले कोरोना विरुद्धको खोपको पहिलो मात्रा, दुई करोड २३ लाख २४ हजार नौ सय ३३ ले पूर्ण मात्रा र ७९ लाख ७२ हजार सात सय ९१ जनाले अतिरिक्त मात्रा खोप लगाएका छन्।

**७७ जिल्लामा डेङ्गु, ४३ हजार बिरामी**

मन्त्रालयका अनुसार ७७ जिल्लामा डेङ्गु फैलिएको छ। गत साउनदेखि हालसम्म ४३ हजार छ सय ८५ जना सम्भावित डेङ्गुको बिरामी भेटिएका छन्। डेङ्गुका कारण ५२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा वान्ता हुनु।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np